राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रीय तथ्याङ्क विभाग

# राष्ट्रिय आर्थिक गणना २०७५

# जिल्ला आर्थिक गणना कार्यालय, ताप्लेजुङ

## गणकहरु सेवा करारमा लिने बारेको सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७४।१२।१२

केन्द्रीय तथ्याङ्क विभागबाट सञ्चालन गरिने प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को स्थलगत कार्य सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति परिचालनका लागि प्राप्त कार्यादेश तथा निर्देशिकामा उल्लेख भएअनुसार ताप्लेजुङ जिल्लाका लागि बढिमा दुई महिना पन्ध्र दिन कामकाज गर्नेगरी निजामती सेवाको राजपत्र अनंकित द्वितीय श्रेणी वा सो सरहको गणक पदमा तपसिल बमोजिमको संख्यामा सेवा करार नियुक्ती गरी परिचालन गर्न आवश्यक भएकाले तपसिलको योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र रु. १० को टिकट टाँसी तोकिएको ढाँचामा निवेदन दिनुहुन सूचीत गरिन्छ। साथै दरखास्त दिने व्यक्तिहरुले कार्यालयबाट निवेदन प्राप्त गरी हालसालै खिचेको फोटो २ (दुई) प्रति, नेपाली नागरिकताको प्रमाणपत्र, आवश्यक न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि निवेदक स्वयम्ले प्रमाणित गरी पेश गर्नुपर्ने छ। सेवाका अन्य शर्त तथा सुविधाहरु छनोट भएका उम्मेदवारसँग यस कार्यालयले प्राप्त कार्यादेश र निर्देशिका बमोजिम गर्ने सेवा करार सम्झौतामा उल्लेख भएअनुसार हुनेछ।

*तपसिल:*

पद:- गणक जम्मा संख्या- १८ काम गर्नुपर्ने स्थान: आफूलाई ताकिएको ताप्लेजुङ जिल्लाका सबै क्षेत्र ।

| स्थानीयतह | गणक संख्या | स्थानीय तह | गणक संख्या | कैफियत |
|---|---|---|---|---|
| फुङलिङ न. पा. | ४ | मैवाखोला गा.पा. | १ | आवेदकले आफ्नो स्थायी वा अस्थायी बसोवास भएअनुसार कै नगर/गाउँपालिकाका लागि माग भएको पदमा प्राथमिकताको आधारमाआवेदन दिन पाइने छ। |
| आठराई त्रिवेणी गा.पा. | २ | मिरिङदेन गा.पा. | २ | |
| पाथिभरा याङ्वरक गा.पा. | २ | सिदिङ्वा गा.पा. | २ | |
| फक्तालुङ गा.पा. | २ | सिरिजङ्घा गा.पा. | २ | |
| मिक्वाखोला गा.पा. | १ | | | |

सम्बन्धित स्थानीय तहमा खटिने गणकले अन्य स्थानीय तहको तोकिएको नजिकको वडामा समेत कार्य गर्नुपर्ने छ।

***आवश्यक न्यूनतम योग्यता***

१. शैक्षिक योग्यता : कसम्तमा १०० पूर्णाङ्कको गणित वा तथ्याङ्क शास्त्र विषय लिई विज्ञान वा व्यवस्थापन वा मानविकी वा शिक्षा वा इन्जिनियरिङ वा वन विज्ञान वा स्वास्थ्य विज्ञान संकायअन्तर्गत प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई तह उत्तीर्ण गरेको।

२. उमेरको हद :- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक।

३.अन्य योग्यता:- समुदाय वा प्रतिष्ठानमा गई तथ्याङ्क संकलन गर्न सक्ने।

४. निवेदन दिने अन्तिम मिति:- २०७४।१२।१८ गते कार्यालय समयसम्म।

५. निवेदन दिने स्थान:- जिल्ला आर्थिक गणनाको कार्यालय, ताप्लेजुङ (जिल्ला समन्वय समिति कार्यालय ताप्लेजुङको परिसर)।

६. सेवातथा सुविधा:- निजामती सेवाको राजपत्र अनंकित द्वितीय श्रेणी वा सो सरहको पदले पाउने सुरु तलब स्केल बराबरको रकम। अन्य दैनिक भ्रमणभत्ता, यातायात खर्च लगायत थप सुबिधा प्राप्त हुने छैन।

७. सम्पर्क मिति:- २०७४।१२।२० गते दिनको ३:०० बजेदेखि ५:०० बजेसम्म।

८. अन्तरवार्ता:- सर्ट लिष्टमा परेका उम्मेदवारहरुको अन्तरवार्ता २०७४।१२।२२ गते बिहान १०:३० बजेदेखि। अन्तरवार्तामा उत्तीर्ण उमेदवारको तालिम मिति २०७४।१२।२४ गतेदेखि हुने छ।

***वान्छनीय योग्यता:-***

क) सम्बन्धित गाउँपालिका वा नगरपालिकाका स्थानीय व्यक्तिलाई प्राथमिकता दिइने छ।

ख) तथ्याङ्क सङ्कलन, सामाजिक परिचालन लगायत समुदायसँग नजिक रहेर काम गरेको अनुभवी व्यक्तिलाई प्राथमिकता दिइने छ।

ग) स्थानीय भाषा जान्ने व्यक्तिलाई प्राथमिकता दिइने छ।

घ) महिलालाई प्राथमिकता दिइने छ।

***छनौटको आधार:-***

दरखास्त दिएका व्यक्तिहरुको शैक्षिक योग्यता, उमेर र निर्देशिकामा उल्लेखित अन्य योग्यता पुगे नपुगेको छानविन गरी योग्यता
पुगेका दरखास्तवालाहरुले प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई तह उत्तीर्ण गर्दा प्राप्त गरेको अंकको प्रतिशत, कार्य अनुभव,
स्थानीयताको आधारमा माग पदभन्दा २० प्रतिशत थप संख्यामा सर्ट लिष्ट तयार गरी अन्तरवार्ताको माध्यमबाट छनोट गरिने
छ। अन्तिम क्रमाङ्कमा कुनै उम्मेदवारको अंक बराबर हुन आएमा गणित विषयमा बढी प्रतिशत प्राप्त गर्ने उम्मेदवारलाई
सर्ट लिष्टमा छनोट गरिने छ। अन्तरवार्ताबाट छनोट हुन नसकेको उम्मेदवारहरुको पनि प्राप्त प्रतिशतअनुसार वैकल्पिक
नामावली प्रकाशन गरिने छ र आवश्यकता अनुसार परिचालन गर्दै लगिने छ।

***थप जानकारी र सम्पर्कका लागि:-***

कार्यालयमा सम्पर्क गरी वा सहायक आर्थिक गणना अधिकृत श्री गणेशमान श्रेष्ठ, मोबाईल नं. ९८४४६३३३२० फोन गर्नुहुन।

**जिल्ला आर्थिक गणना अधिकृत**